खजाना जफत गर्ने म्याद भित्रै बन्दूक लाइसेन्स रिन्यू गराउन यो परिबन्दबाट आउन पाईन भनी खोली लाग्ने दस्तुर रिन्यू बुझाउन ल्याएबाट कामको अवस्था परिस्थिति विचारले ६ महिना सम्मको म्याद थप दिने सो म्याद नाघेमा रिन्यू दस्तुर बन्दूकसमेत जफत गर्ने गरी सदरमा कमिश्नर र जिल्लामा बडाहाकिमले गर्ने गराउने गरी निर्णय भएको छ।

आज्ञाले :—

श्रीत्मराज, का. मु. सेक्रेटरी : — गृहविभाग

## गृहविभागको विज्ञप्ति

विदेशबाट हातहतियार खजाना झिकाउन लाइसेन्स पाउँ भन्ने निवेदन पर्न आएमा माग गर्ने मानिसको चालचलन कस्तो रहेछ सवाल सनदले लाइसेन्स दिन हुने नहुने ईलाकाको पुलीसठानाबाट रिपोर्ट लिई मेजिष्ट्रेट कमिश्नर छेउ रिपोर्ट गरी कमिश्नरबाट दिनुभन्ने निकाशा दिए पछि मात्र सवालको रीत पुऱ्याई लाइसेन्स दिने गर्नुपर्छ भन्ने मेजिष्ट्रेट सवालको दफा ४ का ख. दफामा लेखिएकोमा सो सवाल अनुसार काम हुन नसकी प्रधान मन्त्री गृहमन्त्री र अरू मन्त्रीहरू समेतले सिफारिश गरी पठाएबमोजिम पाउने भै आएको सदर मोफसलमा समेत सबै ठाउँमा एैन रुलसँग भैरहेका ऐन सवालबमोजिम काम कारवाई हुनु पर्ने भएकोले यो मन्त्रिमण्डल दै प्रस्ताव गै रहेका पेश हुन नपाउँदै मन्त्रिमण्डल विघटन भै श्री ५ महाराजाधिराजका हजुरमा जाहेर भै तल लेखिएबमोजिम गर्ने गरी सरकारी निर्णय भै आएकोले सो अनुसार कामकाज गर्न गराउने गरी यो विज्ञप्ति प्रकाश गरिएको छ.

१. पहिलेका प्रधान मन्त्रीहरूले बन्दूक पिस्तौल पाउने गरी सोझै सिफारिश भर्ने गरी आएकोमा त्यसरी उच्चपदाधिकारीहरूले सोझै सिफारिश गरेपछि ईला

का मैजिष्ट्रेट बडाहाकिमहरूले बुझी ठहर गर्न असुविधा हुने हुँदा यस्तोम ऐन सवाल छाडी कसैले सिफारिस गर्न नपाउने ।

२. मैल्हेका सवालको हुकमबमोजिम सदरमा ईलाका मेजिष्ट्रेटबाट कमिश्नर मार्फत र जिल्लामा ईलाका गौंडा गोस्वाराका बडाहाकिमेल आई. जी. पी. अफीस मार्फत जाहेर गरी पठाउने ।

३. सो जाहेर गर्दा सवालबमोजिम ईलाका पुलीस ठानामार्फत माग गर्नेको बाबु बाजेको नाम आफ्ना नाम थर वतन उमेर हैसियत जो भएको नियत चाल चलन राम्रो नराम्रो औ कुनै पार्टी संस्थामा लागे नलागेको समेत पछि फरक पर्न नपाउने गरी सबै व्यहोरा बुझी यो यस ठाउँका यो कम्पनी-बाट यो यस्तो किसिमको हातहतियार खजाना यो यति झिकाई राख्न माग गरेको, दिनलाई हुने नहुनेसमेत यकीन गरी ठहराई जाहेर गर्ने ।

४. माथि लेखिएबमोजिम रीत नपुऱ्याई ईलाका मेजिष्ट्रेट गौंडा गोस्वाराका ब-डाहाकिमहरूले ठहराई नपठाएकोमा कुनै कारबाई गरिने छैन ।

५. बन्दूक पिस्तौल खरखजानासमेत राख्न सिकार खेल्नेसमेतको लाईसेन्स दिने काम सवालबमोजिम इलाका मैजिष्ट्रेट कमिश्नर र गौंडा गोस्वाराका बडाहाकिमहरूसमेतले निकाशा दिएबमोजिम गर्ने गरी सवाल भएको हुनाले त्यसदेखिबाहेक बिदेशबाट झिकाउन पर्ने भएमा परराष्ट्र विभाग मार्फतबाट इम्म्यासीमा सिफारिस गरी पठाउन गर्ने रीत पुयाई पठाउनलाई गृहविभागमार्फत परराष्ट्रमा पठाउने ।

६. उक्त लेखिएबमोजिम गरी रीत पुऱ्याई गृहविभागमा पठाएपछि गृह बि-भागबाट झिकाउन पाउने नपाउने निर्णय गरी पठाउने छ ।

७. बन्दूक पिस्तौलबाहेक भएका बन्दूक पिस्तौलको खरखजाना टोटा गोली छर्रा झिकाउनु पर्ने भएमा र मर्मत गर्न विदेशलान पर्ने भएमा औ विदेशको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाटो बाट ल्याउन पर्ने भएमासमेत ईलाकाक बडाहाकिम मेजिष्ट्रेट कमिश्नरले जाँची बुझी हेरी सिफारिश गरी गृह विभाग मै पठाउने ।

आज्ञाले—
श्रीवत्सराज
का. मु. सेक्रेटरी—गृह विभाग

## पब्लिकसर्भिस कमिशनका विज्ञापन नं. ८ (क)

२०१२।६।२४।२

( यो विज्ञापन २०१२।३।२। मा प्रकाशित गरिसकिएको थियो तापनि कसैको दरखास्त पर्न नआएकोले एक पटक फेरी प्रकाशित गर्ने काम भएको छ )

स्वास्थविभाग डब्ल्यू. एच्. ओ. अन्तर्गत हेल्थ असिस्टेन्ट स्कूललाई एक जना नेशनल काउन्टरपार्ट फर डाइरेक्टर हेल्थ असिस्टेन्ट स्कूल चाहिएको छ । योग्य नेपाली उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं १ (२०१०) मा भरी २०१२ साल मार्ग २६ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनु होला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, मढी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्त साथ फी पठाउनु पर्दैन ।

पदको विवरण यस प्रकार छ:—

१. पदः— नेशनल काउन्टरपार्ट फर डाइरेक्टर हेल्थ असिस्टेन्ट स्कूल्स गजेटेड ३ वर्षको अस्थायी ।

२. आवश्यक न्यूनतम योग्यता:— एम. बी. बी. एस. ।

३. विशेष योग्यता:— छात्रहरूलाई स्वास्थ्य सम्बन्धी शिक्षा दिन सक्ने ।

४. मासिक तलब:— मो. रु २०० ।

५. मासिक विशेष तलब वा भत्ता:— बाहिर बिरामी हेरी प्राक्टिस गर्न नपाउने बापत मो, रु. २०० ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।